
# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मष्टा गाउँपालिका
## बझाङ

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मष्टा गाउँपालिका

## बझाङ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन


## मष्टा गाउँपालिका

## बझाङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९।८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

२०८१ महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

सुदूरपश्चिम प्रदेश

मितिः२०८१।०२।१२

प.सं. २०८०।८१

च.नं. ४७

विषयः <u>लेखापरीक्षण प्रतिवेदन ।</u>

श्री अध्यक्षज्यू,

मष्टा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

बझाङ ।

१. **कैफियत सहितको राय** - हामीले मष्टा गाउँपालिकाको आर्थिक वर्ष २०७९।८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९।८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ६८ लाख ३२ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा कुनै प्रतिक्रिया प्राप्त नभएकोले बाँकी बेरुजु असुल गर्नुपर्ने रू.९ लाख ७७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४० लाख ४६ हजार र नियमित गर्नुपर्ने रु. १८ लाख ९ हजार रहेको छ । यस गाउँपालिकाको गत वर्ष सम्म रु. ११ करोड ९९ लाख ९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १२ करोड ६७ लाख ४१ हजार रहेको छ। गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने मष्टा गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन, नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन, तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(पशुपति कुमार काफ्ले)
**नायब महालेखापरीक्षक**

# मष्टा गाउँपालिका

## बझाङ

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ३७ | ४७ | ६८३२ | ० | ० | ० | ३७ | ४७ | ६८३२ | ९७७ | १८०९ | ४०४६ | ० | ० | ५८५५ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बझाङ | ११९९०९ | ० | ० | ११९९०९ | ० | ६८३२ | १२६७४१ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु नै गाउँपालिका स्थापनाको प्रमुख उदेश्य हो । यो गाउँपालिका कुल १०९.२४ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको र हाल ७ वटा वडाहरुमा विभाजन गरिएको र सभा सदस्य संख्या ३८ रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको आय-व्ययतर्फ गरी जम्मा रु. १ अर्ब ८ करोड २५ लाख ५८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

३ **लेखापरीक्षणको क्रममा असुली-** गाउँपालिकाले लेखापरीक्षणवाट औल्याएपछि संघीय सञ्चित कोष फिर्ता गर्न बाँकी रु ४९३१६१ विद्यालयमा बढी निकासा भएको रु ९०४४४ र समाजिक सुरक्षा कार्यक्रमको रु ४५७०९१ समेत जम्मा रु १०४०६९६ असुल भइ सञ्चित कोष दाखिला भएको छ।

## ४ प्राप्ति भुक्तानी विवरण

| प्राप्ति भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ति (क+ख) | | ४९,१५,७४,०१९.९२ | ४५,४०,०२,४०१.०१ | | ४५,४०,०२,४०१.०१ | ४२,८५,५६,७८८.८३ | | ४२,८५,५६,७८८.८३ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ४८,११,७१,८७९.७२ | ४४,१०,९८,८५२.७४ | ०.०० | ४४,१०,९८,८५२.७४ | ४२,६१,१०,७८८.८३ | ०.०० | ४२,६१,१०,७८८.८३ |
| ११००० कर | ११ | ७,८१,०९,०००.०० | ६,५६,९१,२१०.९६ | ०.०० | ६,५६,९१,२१०.९६ | ६,२०,६२,००४.५२ | ०.०० | ६,२०,६२,००४.५२ |
| १३००० अनुदान | | ३८,९७,०१,०००.०० | ३७,३९,५९,६४१.७८ | ०.०० | ३७,३९,५९,६४१.७८ | ३५,८८,२५,९३०.०० | ०.०० | ३५,८८,२५,९३०.०० |
| संघीय सरकार | १२ | ३५,६६,२४,०००.०० | ३४,४९,०३,४९१.७८ | ०.०० | ३४,४९,०३,४९१.७८ | ३३,४२,३७,९३०.०० | ०.०० | ३३,४२,३७,९३०.०० |
| प्रदेश सरकार | १२ | ३,३०,७७,०००.०० | २,९०,५६,१५०.०० | ०.०० | २,९०,५६,१५०.०० | २,४५,८८,०००.०० | ०.०० | २,४५,८८,०००.०० |
| १४००० अन्य राजस्व | | १६,००,०००.०० | १४,४८,०००.०० | ०.०० | १४,४८,०००.०० | ५२,२२,८५४.३१ | ०.०० | ५२,२२,८५४.३१ |
| ३२००० वित्तीय सम्पत्ति | | १,१७,६१,८७९.७२ | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ख. अन्य प्राप्ति | | १,०४,०२,१४०.२० | १,२९,०३,५४८.२७ | | १,२९,०३,५४८.२७ | २४,४६,०००.०० | | २४,४६,०००.०० |
| वितरण गर्न बाकी राजस्व | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कोषहरु | | १,०४,०२,१४०.२० | ९९,९५,१९९.०३ | ०.०० | ९९,९५,१९९.०३ | २४,४६,०००.०० | ०.०० | २४,४६,०००.०० |
| धरौटी | | ०.०० | २९,०८,३४९.२४ | ०.०० | २९,०८,३४९.२४ | ०.०० | ०.०० | ०.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| भुक्तानी (ग+घ) | | ४९,१५,७४,०१९.९२ | ४५,८४,९२,६५१.८६ | | ४५,८४,९२,६५१.८६ | ४१,८२,११,९९५.६६ | | ४१,८२,११,९९५.६६ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ४८,११,७१,८७९.७२ | ४४,८८,२७,८१५.७२ | | ४४,८८,२७,८१५.७२ | ४१,५४,०४,४२७.६९ | | ४१,५४,०४,४२७.६९ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १७,२४,००,०००.०० | १६,२५,०३,३२०.४८ | ०.०० | १६,२५,०३,३२०.४८ | १५,७४,१४,९२३.९७ | ०.०० | १५,७४,१४,९२३.९७ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १२,६७,८४,८७९.७२ | ११,४३,०१,३६८.०४ | ०.०० | ११,४३,०१,३६८.०४ | ७,९७,२६,३२७.७२ | ०.०० | ७,९७,२६,३२७.७२ |
| २५००० सहायता (Subsidy) | १८ | १,७४,९९,०००.०० | १,५८,६२,३२२.२० | ०.०० | १,५८,६२,३२२.२० | १,८३,१७,२७९.०० | ०.०० | १,८३,१७,२७९.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | ५३,८७,०००.०० | ४९,८५,२६८.०० | ०.०० | ४९,८५,२६८.०० | ६२,५०,०००.०० | ०.०० | ६२,५०,०००.०० |
| २८००० अन्य खर्च | १८ | ७,००,०००.०० | ६,५६,२००.०० | ०.०० | ६,५६,२००.०० | ५,९१,२७५.०० | ०.०० | ५,९१,२७५.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १५,८४,०१,०००.०० | १५,०५,१९,३३७.०० | ०.०० | १५,०५,१९,३३७.०० | १५,३१,०४,६२२.०० | ०.०० | १५,३१,०४,६२२.०० |
| घ. अन्य भूक्तानी | | १,०४,०२,१४०.२० | ९६,६४,८३६.१४ | | ९६,६४,८३६.१४ | ४१,८२,११,९९५.६६ | | ४१,८२,११,९९५.६६ |
| कोषहरु | | १,०४,०२,१४०.२० | १,००,५६,४१९.६८ | ०.०० | १,००,५६,४१९.६८ | २८,०७,५६७.९७ | ०.०० | २८,०७,५६७.९७ |
| धरौटी | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (३,९१,५८३.५४) | | (३,९१,५८३.५४) | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | | (४४,९०,२५०.८५) | | (४४,९०,२५०.८५) | १,०३,४४,७९३.१७ | | १,०३,४४,७९३.१७ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १,२५,०९,५९६.२७ | | १,२५,०९,५९६.२७ | १४,००,०००.०० | | १४,००,०००.०० |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ८०,१९,३४५.४२ | | ८०,१९,३४५.४२ | १,१७,४४,७९३.१७ | | १,१७,४४,७९३.१७ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | ७७,५२,०२७.४२ | | ७७,५२,०२७.४२ | १,२१,२५,१८२.८७ | | १,२१,२५,१८२.८७ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

४ **वित्तीय विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस गाउँपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । गाउँपालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

४.१ **वित्तीय विवरणको यथार्थता** - गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । गाउँपालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको खर्च रु.७८२१६५०१ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा गाउँपालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

४.२ **हिसाब फरक** — यस गाउँपालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणको क्रममा गाउँपालिकाबाट सबै कारोबार समेटिएको एकीकृत आर्थिक विवरण माग गरेकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ६०२६२१, यस वर्षको प्राप्ति रु. ८४२०९८३८, यस वर्षको भुक्तानी रु. ८५०७१७८० फरक परेको छ । सुत्रमा गाउँपालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले गाउँपालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गत वर्षको जिम्मेवारी | यस वर्षको प्राप्ति | यसवर्षको भुक्तानी | मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | १२५०१५९६ | ४५४००२४०१ | ४५८४९२६५१ | ७७५२०२५ |
| एकीकृत आर्थिक विवरणअनुसार | १३१०४२१७ | ५३८२१२२३९ | ५४३५६४४३१ | ७७५२०२५ |
| फरक | ६०२६२१ | ८४२०९८३८ | ८५०७१७८० | ० |

४.३ **संचित कोष जिम्मेवारी**–स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ ।गाउँपालिकाले संचित कोष जिम्मेवारी अल्या गर्दा गत वर्षको मौज्दात रु ११७०६३६१ गर्नुपर्नेमा रु ११६६१८७९ गरेको देखिन्छ । गत वर्षको मौज्दात भन्दा रु ४४४८२ कम जिम्मेवारी सारेको सम्बन्धमा एकिन गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४४,४८२ |

४.४ **बैक हिसाब मिलान** –स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण आर्थिक वर्षको अन्त्यमा निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ ।

| सि.नं. | खाताको नाम | स्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| 1. | संचित कोष | ३९३२९१६ | ३९१४८२२ | (१८०९४) |
| 2. | आन्तरिक राजश्व खाता | ० | १०८४५६ | १०८४५६ |
| | जम्मा | | | ९०३६२ |

५ **सेवा प्रवाह** - नेपालको संविधानको अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसारका सेवाहरु प्रदान गर्दछ । गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, घरबाटो सिफारिस, जन्म, मृत्यु, विवाह दर्ता, बसाइँसराई, विद्युत मिटर सिफारिस, निःशुल्क सिफारिस लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अभिलेखिकरण अद्यावधिक अभिलेख गरिनु पर्दछ। गाउँपालिकाबाट प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ ।

| क्र.सं. | विवरण | सेवा प्राप्तिका लागि निवेदन संख्या | सिफारिस संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | नागरिता सिफारिस | ५६३ | ५६० | |
| २ | घरबाटो सिफारिस | ० | ० | |
| ३ | नाता प्रमाणीत | २१६ | २१६ | |
| ४ | जन्म मृत्यु दर्ता | १०२०।२५३ | १०२०।२५३ | |
| ५ | अन्य | ० | ० | |

गाउँपालिकाले सेवा प्रवाहलाई व्यवस्थित र गुणस्तरीय बनाइ सबैको अभिलेख राख्ने तर्फ ध्यान दिनु पर्दछ ।

६ **बजेट रकमान्तर** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान संकेत अन्तरगतको बजेट उपशीर्षकमा अपुग भएमा सोही शीर्षकमा तोकिएको एक वा एक भन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशीर्षकमा बचत हुने रकम मध्यबाट विनियोजन ऐन,मा तोकिएको सिमा भित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ । गाउँपालिकाको विनियोजन ऐन,मा रकमान्तरको प्रावधान रहेको छैन । यस गाउँपालिकामा कार्यपालिकाको निणर्य बमोजिम बिभिन्न शीर्षकमा कुल रू. २ करोड ७२ लाख ११ हजार अर्थात कुल बजेट रु. ४८ करोड ११ लाख ७१ हजारको ५.६ प्रतिशत रकमान्तर गरी खर्च गरेको छ । गाउँपालिकाको विनियोजन ऐन,मा व्यवस्था बिना रकमान्तर गरी खर्च गरेको उपयुक्त देखिएन । यसमा सुधार हुनुपर्दछ ।

७ **बजेट तथा कार्यक्रम** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादत्म्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐन,मा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

८ **बजेट पेश पारित तथा अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐन,को दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस गाउपालिकामा उपाध्यक्षले मिति २०७९।३।१० गते रु. ४८ करोड ११ लाख ७१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९।३।१० मा पारित भएको छ । यसै गरी स्थानीय तहका प्रमुखले २०७९।३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

९ **योजना तथा बजेट कार्यान्वयन** - योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा गाउँपालिकाले मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा गाउँपालिकाले सो बमोजिमको मध्यमकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको छैन।

• आर्थिक वर्षको अन्त्यमा अत्याधिक पूँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कूल पूँजीगत खर्च रु.१५ करोड ५ लाख १९ हजार भएकोमा प्रथम त्रैमासिकमा ६१ लाख ४ हजार, दोश्रो त्रैमासिकमा रु.१करोड ७२लाख २० हजार, तेस्रो त्रैमासिकमा रु. ४ करोड ६१ लाख ४६ हजार र चौथो त्रैमासिकमा रु. ८ करोड १० लाख ४९ हजार र असार महिनामा मात्रै रु.६ करोड १४ लाख ४० हजार खर्च भएको देखिन्छ। आर्थिक वर्षको अन्त्यमा हुने विकासले कामको गुणस्तर र दिगोपनामा असर पर्ने हुनाले नगरपालिकाले समयमै विकास निर्माण कार्य गर्न ध्यान दिनुपर्दछ ।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु.१० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा गाउँपालिकाले यो वर्ष रु. १५ करोड ५ लाख १९ हजारको पुँजीगत निर्माणको कार्य गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।

उल्लेखित अवस्थाका कारण गाउँपालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ

---

१० **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा आवधिक योजना बनाई लागु गर्नुपर्ने विषय उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू (गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास) लाई गणना गरी ८० अंक भन्दा बढी आउनेलाई पि१ गरी योजनाको प्राथमिकता निर्धारण गरी प्राथमिकता प्राप्त पि१ योजनामा लगानी गरी आवधिक योजनासँग सामजस्यता गर्नुपर्दछ । गाउँपालिकाले आयोजना छनौट गर्दा वडागत हिसाबले र अत्यन्तै स-साना टुक्रे आयोजना छनौट गरी जे जती बजेट पुग्छ त्यती नै काम गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने गरेको पाइयो । गाउँपालिकाले आ.ब. २०७९।८० मा निम्नानुसारका आयोजनामा बजेट विनियोजन गरेको पाइयो । यसरी आयोजनाहरूको प्राथमिकिकरणका आधार अंक गणना गरी प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरी स-साना टुक्रे आयोजनामा बजेट विनियोजन गर्ने प्रवृत्तिमा नियन्त्रण हुनु पर्दछ ।

| **कार्यक्रमकोनाम** | **योजना संख्या** | **रु ५ लाख भन्दा कमका योजना** | **रु.५ देखि २० लाख सम्मका योजना** | **रु.२० लाखभन्दा माथिका योजना** |
|---|---|---|---|---|
| गाउँपालिकास्तरीय | १८ | ० | ८ | १० |
| बडा स्तरीय | ५४ | ३८ | १५ | १ |
| जम्माः | ७२ | ३८ | २३ | ११ |

---

११ **जिन्सी व्यवस्थापन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावली,को नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७

भित्र सवै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रविष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । तर यस नगरपालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन । गाउँपालिका अन्तर्गत गत विगत वर्ष खरिद भएका जिन्सी सामानहरुको समेत PAMS मा अभिलेख राखेको छैन । नियमानुसार गत विगतका जिन्सी अभिलेखहरु समेत PAMS मा लेखांकन हुनुपर्दछ । जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेको सरकारी सामुदायिक तथा सार्वजानिक सम्पत्तिको रेखदेख, मर्मत संभार र संरक्षण गर्नुपर्ने व्यबस्था छ । गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजानिक सम्पत्तिको मर्मत तथा संभार गरेको अभिलेख राखेको पाइएन ।

१२ **लेखा ढाँचाको प्रयोग-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा तोकिएको ढाँचामा आर्थिक कारोवारको लेखाङ्कन गरी नेपाल सार्वजनिक क्षेत्र लेखामान NEPSAS अनुसार प्रतिवेदन गर्नुपर्दछ । स्वीकृत लेखा ढाँचामा देहायको विवरण समेत अभिलेखमा आउने गरी म.ले.प.फारामहरुको प्रयोग गरी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार आर्थिक कारोवारको लेखाङ्कन गरेको पाईएन । नगरपालिकाले बैक हिसाब मिलान विवरण २१२, भुक्तानी दिन बाकी चेकको विवरण-२२०, प्राप्त रकमको मास्केवारी-२२२, सन्तुलन परीक्षण-२२५, बजेट रकमान्तर, कार्यक्रम संसोधनको विवरण-३०४, बस्तु तथा निर्माणको खरिद योजना-३११, परामर्श सेवाको खरिद योजना-३१२, मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता-४१५, घर जग्गाको लगत किताब-४१७, आइटमवाइज कार्य अभिलेख खाता-५०५, ठेक्कासँग सम्बन्धित गोश्वारा लगत-५०७, बेरुजु लगत-८०१, सम्परीक्षण गोश्वारा अभिलेख-८०५, बिद्युतिय प्रणाली प्रयोगकर्ताको विवरण, परिबर्तन र स्थगन अभिलेख-९०२, सवारी साधन र मेशिन प्रयोगको लगबुक-९०५, भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख ९०७, तयार गरेको देखिएन । स्वीकृत लेखा ढाँचामा लेखा राखी नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार आर्थिक विवरण तथा प्रतिवेदन तयार गरीनुपर्दछ ।

१३ **भ्रमण प्रतिवेदन-** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची—६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्नेमा विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेकोमा भ्रमण अभिलेख राखेको छैन । साथै तेरिज तयार नगरि एउटै गोश्वरा भौचरबाट अनुगमन तथा मूल्याङ्कन, सरुवा तथा भ्रमण भत्ता एकमुष्ट भ्रमण प्रतिबेदन बेगर यो वर्ष अनुगमन तथा मूल्याकंन वापत रु ३९ लाख ६० हजार खर्च लेखेको छ । यसबाट अनुगमन तथा मूल्याङ्कन कार्यक्रम प्रभाबकारी भयो भन्ने आधार भएन । तसर्थ नियमाबलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेर मात्र भ्रमण खर्च लेख्नुपर्दछ ।

१४ **आन्तरिक नियन्त्रण प्रणाली-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सो माथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेकाछन:

- गाउँपालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।
- गाउँपालिकाले उद्देश्य प्राप्तिमा आईपर्न सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सञ्चालित योजनाको सूचनापाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्र मात्र यस्तो सुनवाई सीमित गरेको अवस्था छ।

• गाउपालिकामा कार्यरत कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्य मूल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• गाउँपालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले भ्रमण तथा अनुगमन वापत रु. ३९ लाख ६० हजार खर्च लेखेकोमा अधिकांश भुक्तानीमा अनुगमन प्रतिवेदन पेश गरेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ गाउँपालिका र वडा कार्यालय समेतले रू. ५४ लाख ९५ हजार खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

• गाउँपालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• गाउँपालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• गाउपालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन गरेको पाइएन ।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

तसर्थ गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

---

१५ **कार्यक्रम पेश्की** - सुदूरपश्चिम प्रदेशको आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३६(५) मा सरकारी निकायबाट कुनै तालिम, गोष्ठी, कार्यशाला गोष्ठी आदि सञ्चालन गर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयारी गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । कार्यालयले कृषि, शिक्षा, पशु र स्वास्थ्य लगायतका क्षेत्रका कार्यक्रम सञ्चालन गर्न पेश्की माग गर्दाको बखत कार्यक्रम निर्देशिका अनुरुपका क्रियाकलापहरु निर्धारण गर्ने र स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी स्वीकृत लागत अनुमानका आधारमा त्यस्ता तालिम, गोष्ठी सञ्चालन गर्नुंपर्नेमा निवेदनका

आधारमा पेश्की लिने, लिएको पेश्की फछ्र्यौंट नगरी पुनः पेश्की दिने आर्थिक वर्षको अन्त्यसम्म कार्यक्रम नगरी पेश्की रहिरहने र बर्षान्तमा मात्र कार्यक्रम गरी पेश्की फछ्र्यौंटको लागि पेश गर्ने गरेको देखियो । यस्तो प्रकृयामा सुधार हुनुपर्दछ । यस्को केहि उदाहरण निम्नानुसार छन्

| भौचर र मिति | पेश्की लानेको नाम | शीर्षक | रकम |
|---|---|---|---|
| ९।०७९।६।१२ | देविचन्द्र थापा | स्वास्थ्य सम्बन्धी कार्यक्रम | ४१८००० |
| १३।०७९।६।२७ | प्रेम बहादुर थापा | पशु कार्यक्रम | २००००० |
| ९४।०७९।६।३४ | प्रभावकर जोशी | कृषि कार्यक्रम | १३५००० |

१६ **म्याद बाँकी रहेको पेश्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ अनुसार कुनै कार्यक्रमको लागि लिएको पेश्की कार्यक्रम समाप्त भएको ३५ दिनभित्र आवश्यक कागजात संलग्न राखी फस्यौंट गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले आर्थिक वर्षको अन्त्य सम्म पनि म्याद बाँकी रहेको पेश्की फस्यौंट गरेकोले छैन। नियमानुसार पेश्कीबाँकीको लगत अधावधिक गरी पेश्की फस्यौंट गर्नुपर्दछ ।

| सि नं | पेश्की लिनेको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | वि कुलमष्टाजन मा वि | नमुना विद्यालय | ४६००००० |

१७ **समपुरक अनुदान** - संघ तथा प्रदेश समपुरक अनुदान कार्यविधि २०७७ को दफा ६ मा समपुरक योजनावाट सञ्चालन हुने योजनामा कुल लागतको अधिकतम ५० प्रतिशत रकम स्थानीय तहले समपुरक अनुदान व्यहोर्नु पर्ने उल्लेख छ ।गाउँपालिकाले समपुरक अनुदान अन्तरगत सघ र प्रदेशवाट प्राप्त अनुदानको ५० प्रतिशत गाउँपालिकाले व्यहोर्नु पर्ने र समपुरक रकम बर्षान्तमा वाँकी रहेमा सम्वन्धित सन्चित कोष फिर्ता गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकामा यो वर्ष समपुरक अनुदानवापत देहायको रकम प्राप्त भएकोमा सो बापत गाउँपालिकाले आफ्नो योगदान वापत म्याचिङ फण्डमा रकम जम्मा गरेको पाइएन ।यसले गर्दा संघ र प्रदेशको रकम मात्र खर्च भइ गाउँपालिकाको योगदान रहेको पाइएन ।तसर्थ गाउँपालिकाले व्यहोर्नुपर्ने ५० प्रतिशत रकम गाउँपालिका सञ्चित कोषमानै मौज्दात रहेकोले ५० प्रतिशत योगदानको रकम सम्बन्धित सञ्चित कोषमा फिर्ता गर्नु पर्ने रु

| अनुदान उपलव्ध गराउने | योजनाको नाम | खर्च रकम | गाउँपालिकाले व्यहोर्नु पर्ने रकम | गाउँपालिकालेव्यहोरेको रकम | नपुग रकम |
|---|---|---|---|---|---|
| संघीय सरकार | वडा नं ७ को वडा कार्यालय हुदै पानी तलकोट जोड्ने सडक | ३९९५१४९ | १९९७५७४ | १०५५५७६ | ९४१९९८ |

| | | | | | |
|---|---|---|---|---|---|
| संघीय सरकार | पनाछाल देखि किनाडा सिचाईकुलो निर्माण वडा नं ५ | ४९९९००० | २४९९५०० | ८४४००० | १६५५५०० |
| | जम्मा | | | | २५९७४९८ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २५,९७,४९८ |

१८ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउँपालिकाले अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

१९ **प्रशासकीय संगठन तथा कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म १४ जना मात्र पदपूर्ती भएको देखिन्छ ।गाउँपालिकामा प्रमुख प्रशासकिय अधिकृत समेत अधिकृत स्तर का महत्वपुर्ण पद रिक्त रहेको पाईयो ।दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा गाउँपालिकाको समग्र कार्य सम्पादनमा असर पर्ने हुँदा रिक्त पदहरु पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

२० **करार कर्मचारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर गाउँपालिकाले दरबन्दी भित्रका विभिन्न पदमा ४१ जना कर्मचारीहरु करारमा राखि रु. १६३५८३८१ खर्च लेखेको छ । कार्यालय सहयोगी, सवारी चालक, बगैचे लगायतका पद बाहेक अन्य पदमा करारमा कर्मचारी राखी तलब भत्ता खर्च लेख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

२१ **अनुगमन भत्ता-** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ मा जनप्रतिनिधिहरुको लागी यातायात लगायत विविध मासिक सुविधाको व्यवस्था गरेको छ । साथै कर्मचारीहरुको लागी समेत भ्रमण भत्ता इन्धन र अनुगमनमा खटिएको बखत गाडीको व्यवस्था गरेको छ । गाउँपालिकाले प्रत्येक कार्यक्रममा खटिएको कर्मचारीहरुलाई दैनिक भ्रमण भत्ताको व्यवस्था गरेकोमा पुन भौचर ३०७।०७९।१०।१८ र ३०९।०७९।१०।१८ वाट रु

१५५४०० अनुगमन भत्ता भुक्तानी दिएको तर अनुगमन गरेको योजना प्रतिवेदन तथा माइन्युट लगायत प्रमाण संलग्न नरहेको हुदा प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५५,४०० |

२२ **प्रविधि हस्तान्तरण** - गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१ (३) मा दफा ४० बमोजिम प्रविधि हस्तान्तरण गर्दा कार्यक्रमको लागि विनियोजित रकमको परिधिभित्र रही आवश्यकता विश्लेषण गरी शाखाको सिफारिशको आधारमा कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको अङ्कको २० प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा ८० प्रतिशत रकममा मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने व्यवस्था छ। गाउँपालिकाले देहाय अनुसार प्रविधि हस्तान्तरण गर्दा २० प्रतिशतले हुन आउने रु. १८५९०० सम्बन्धित उद्यमीवाट असुल हुन बाकी देखिन्छ । निर्देशिका अनुसार पालिकाबाट ८० प्रतिशत भुक्तानी गर्नु पर्नेमा शत प्रतिशत भुक्तानी भएकोले २० प्रतिशत रकम सम्वन्धित लघु उद्यमीबाट असुल गरी सङ्घीय सञ्चितकोष दाखिला गर्नु पर्ने रु.

| भौचर र मिति | सामान | विवरण | मुल्य | २० प्रतिशत रकम |
|---|---|---|---|---|
| ८५।०७९।११।२९ शसर्त | Oil machine, chowming machine लगायत | कान्तिपुर ट्रेडिङ हाउसवाट खरिद | ६९७०४० | १३९००० |
| ३१६।०८०।३।२४ शसर्त | नुडल मेशिन | हरि ओम सप्लायर्सवाट खरिद | २७५००० | ५५००० |
| जम्मा | | | | १८५९०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८५,९०० |

२३ **योजना अनुगमन खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा स्वीकृत बजेट र सम्बन्धित खर्च शीर्षकको सिमा भित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ । प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ संघिय सरकारवाट प्राप्त अनुदानवाट सम्बन्धित सुचिकृत लाभग्राहीहरुको ज्याला तथा १ प्रतिशत रकम व्यवस्थापन तर्फ खर्च गर्न सकिने व्यवस्था छ । उक्त कार्यक्रमवाट सञ्चालित आयोजनाहरुको अनुगमन गर्नको लागी छुट्टै अनुगमन भत्तामा खर्च गर्न सकिने देखिदैन । तर गाउँपालिकाले भौचर नम्बर ३०२।०८०।३।२२ वाट विधिन्न आयोजनामा अनुगमन गरी प्रतिवेदन बनाएको भनी रु १०९३०० अनुगमन खर्च लेखेको देखिन्छ । कानुनमा व्यवस्था भएको भन्दा फरक हुने गरी खर्च लेखिएको रकम नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १,०९,३०० |

२४ **इन्धन खर्च** - सरकारी कार्यालयले सवारी साधनमा प्रयोग गरेको इन्धन प्रयोजनको लागी म ले प फारम नं ९०५ को ढाचामा सवारी लगबुक अनियवार्य रुपमा भर्नुपर्ने हुन्छ । कार्यालयले पेश गरेको लगबुक परीक्षण गर्दा विभिन्न मितिमा

३२५० लि डिजेल खपत भएको देखिन्छ । अन्यको हकमा लगबुक नभरेको कार्यालयले विभिन्न मितिमा इन्धन प्रयोग गरेको भनी एकमुष्ट बिजक मात्र पेश भएको आधारमा रकम भुक्तानी दिएको छ । बिजकमा उल्लेखित परिमाणमा इन्धन आपूर्ति भएको र कुन गाडीमा के कत्ति परिमाणमा प्रयोग भएको भनी एकिन गर्न नसकिने हुदा मापदण्ड बनाइ इन्धनको खर्च लेख्दा लगबुक अनिवार्य गरिनुपर्दछ ।इन्धन खर्च भुक्तानीका केही उदाहरण निम्मनानुसार छन ।

| भौचर र मिति | सप्लायर्स | इन्धन | रकम |
|---|---|---|---|
| ८९।०७९।६।२८ | डि के ट्रेडर्स | ८५० लि डिजेल | १३४१६१ |
| २८४।०७९।१०।९ | डि के ट्रेडर्स | २३०४ लि डिजेल | ३८०२५५ |
| २९३।०७९।१२।१२ | ग्यान आइल स्टोर | ६०० लि डिजल | १०३२०० |

२५ **शैक्षिक गुणस्तर** - गाउँपालिका अन्तर्गत संचालित माध्यमिक तह सम्मको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्य गाउँपालिकाको कार्यक्षेत्र अन्तर्गत पर्दछ ।सोही अनुसार गाउँपालिकाले विद्यालय शैक्षिक गुणस्तर मापनको मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्नेमा सो गरेको छैन । अतः शैक्षिक गुणस्तरको मापन मापदण्ड तयार गरी कार्यान्वयन गर्ने र सोही अनुसार विद्यालयको अनुगमन मूल्याङ्कन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

२६ **निकासा अभिलेख-** आर्थिक कार्यविधि नियमावली, तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरि भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पस्ट विवरण खुल्ने गरि यथार्थ विवरण अभिलेख राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन । जसवाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको वारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा खाता अद्यावधिक राख्नु पर्दछ ।

२७ **शिक्षक दरबन्दी** - गाउँपालिकाले पेश गरेको शिक्षक दरवन्दी र पदपुर्ति देहाय अनुसार रहेको छ ।

| **सि.नं** | **विद्यालय संख्या** | **शिक्षक दरबन्दी जम्मा** | **पदपूर्ति जम्मा** | **पदपूर्ति मध्ये करार** | **विधार्थी संख्या जम्मा** |
|---|---|---|---|---|---|
| १ | ३४ | १४५ | १४५ | ७६ | ५७६० |

उपरोक्त शिक्षक दरबन्दी र पदपुर्ति एवम् विधार्थी सङख्या विश्लेषण गर्दा प्रति शिक्षक औषतमा ३९ जना विद्यार्थी पढाउनु पर्ने अवस्था देखिएको, विद्यार्थी संख्याको तुलनामा शिक्षक दरबन्दी यकिन गरी गाँउपालिकाले शिक्षक दरवन्दी मिलानको कार्य गर्नुपर्ने देखिन्छ ।

२८ **खेलकुद कार्यक्रम** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,को नियम ३९ मा स्वीकृत बजेट र सम्बन्धित खर्च शीर्षकको सिमा भित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ ।गाउँपालिकाले गरिबी निवारण कार्यक्रमवाट रु ५५०००० खेलकुद कार्यक्रम तर्फ खर्च गरी भुक्तानी दिएको देखिन्छ । एउटा शीर्षकमा विनियोजन भएको रकम अर्को शीर्षकमा खर्च गरेको कार्य अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ५,५०,००० |

२९ **औषधी खरिद-** गाउँपालिकाले आफ्नो स्वास्थ्य संस्थाको लागी वार्षिक रुपमा आवश्यक पर्ने औषधीहरुको वार्षिक अनुमान गरि उपयुक्त खरिद प्रकृया मार्फत खरिद गर्ने र उक्त औषधीहरुको दाखिला भण्डारण लगायत सम्बन्धमा व्यवस्थापन गर्नुपर्ने हुन्छ ।गाउपालिकाले यो वर्ष औषधी खरिदगरी रु १८०७००० खर्च गरेकोमा गाउँपालिकाको औषधी व्यवस्थापन सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छन्

- खरिद गर्न पूर्व लागत अनुमान तयार गर्दा सम्बन्धित स्वास्थ्य कार्यालयहरुको बाँकी मौज्दात एकिन नगरेको,
- आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,
- आपूर्ति भएका औषधी एंवम सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा एकिन गर्न सकिएन ।
- औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,
- औषधीको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधीको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३० **प्रदेश नवप्रवर्तन कार्यक्रम** - प्रदेश नवप्रवर्तन कार्यक्रम अन्तर्गत गाउँपालिकाको प्रस्तावको आधारमा प्रदेश सरकारको ७५ प्रतिशत र गाउँपालिकाको २५ प्रतिशत लागत सहभागिता रहने गरी आधुनिक प्रविधिमा आधारित किसानको सरोकार रैथाने बाली उत्पादन कार्यक्रम सञ्चालन गरेको छ । प्रदेश सरकारवाट निकासा भएको रु १५००००० मा रु १२०९५६६० खर्च भएको छ । यस सम्बन्धमा देखिएको अन्य व्यहोरा निम्नानुसार छन्

३०.१ कार्यक्रमको प्रस्तावना अनुसार गाउँपालिकाले व्यहोर्नुपर्ने २५ प्रतिशत रकमको कृषि उत्पादन संकलन केन्द्र ३ वटा बनाउने गरी लागत अनुमान तयार भएकोमा उक्त संकलन केन्द्रहरु निर्माण गरी यस कार्यक्रमवाट उत्पादन कृषि उपज राख्ने गरी सञ्चालन गरेको नदेखिएको हुदा संकलन केन्द्र निर्माण गरी सञ्चालनमा ल्याइ लागत सहभागिता व्यहोर्नुपर्ने देखिन्छ।

३०.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा जिन्सी सम्बन्धि व्यवस्था रहेको छ। जस्मा कार्यालयमा सामान प्राप्त भए पछि आम्दानी जनाउने र सम्बन्धितलाई हस्तातरण गरेपछि लगतवाट कट्टा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले विभिन्न मितिमा देहाय अनुसारको मालसामान खरिद गरेको देखिए पनि उक्त मालसामानहरु प्रयोग गरेको तथा सञ्चालनमा ल्याएको वा हस्तान्तरण गरेको प्रमाण हुनुपर्दछ ।

| भौचर र मिति | सप्लायर्स | विवरण | रकम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| २०।०८०।३।४ प्रदेश | मष्टा एग्रोभेट सेन्टर | विषादी वडामा हस्तान्तरण | ४४९४०० |
| २५।०८०।३।१८ प्रदेश | विराज्ञ एग्रो मेटिरियल्स एण्डड सप्लायर्स | मिनि टिलर ७ थान | ११५५००० |
| | | मल्टी क्रोप थ्रेसर ७ थान | ५९१५०० |
| | | सिड ग्रेण्डीङ ३ थान | १८०६०० |
| ३१।०८०।३।२० प्रदेश | एन एस इन्फोसिस | लेबल प्रिन्टिङ मेशिन | २८४८०० |

३०.३ ५०।०८०।३।३० प्रदेश चालु, प्रस्तावना अनुसार रैथाने वाली र उत्पादनको व्यवसायीकरण प्रवर्द्धन विषयक उद्योग व्यवसायी तथा अन्य सरोकारवाला बीच अन्तरकृया कार्यक्रम २ पटक सञ्चालन गर्ने भनी रु ४००००० प्रस्ताव तथा विनियोजन गरेकोमा एक दिन एक पटक मात्र सञ्चालन भएको छ । अन्य शीर्षकको हकमा सम्बन्धित प्रयोजनमा पुरै रकम खर्च सम्बन्धित अन्य मसलन्द खरिदको बिजक राखी प्रस्तावना अनुसारको पुरै रकम खर्च देखाएकोमा अन्तरकृया कार्यक्रममा भने एकै पटक मात्र सञ्चालन गरी रु २००००० बढी खर्च गरेको अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २,००,००० |

३१ **सम्झौता अनुसार काम -** गाउँपालिकाले आलु पकेट कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित समुह सङ्ग सम्झौता गरी सम्झौता अनुसारको अनुदान रकम उपलब्ध गराउनुपर्ने हुन्छ । कैलाश बहुउद्देश्यीय सहकारी संस्था लि ले आलु पकेट कार्यक्रममा ५० प्रतिशत लागत सहभागितामा ३० क्विन्टल आलु खरिद गरी वितरण गर्ने उल्लेख गरे पनि १२ क्विन्टल मात्र खरिद गरी ५ जनालाई वितरण गरेको संलग्न प्रमाणवाट देखिएको हुदा सम्झौता अनुसारको काम नभएको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४०,००० |

३२ **उपभोक्ता समिति मार्फत कार्य-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत कार्य गराउन सक्ने व्यवस्था छ । सुत्रमा प्रविष्टि भएको विवरण अनुसार यस वर्ष १४९ वटा उपभोक्ता समिति मार्फत काम गराई रु. १०५११५५७४ भुक्तानी भएको देखिन्छ । लेखापरीक्षणमा प्रविधिकको मूल्याङ्कनलाई आधारमानी लेखापरीक्षण सम्पन्न गरिएको छ । सो मध्ये नमूना छनौट गरी लेखापरीक्षण गरिएका व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छ । स्थानीय सरकार ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीयतहको अधिकार क्षेत्रभित्रको विकास निर्माण कार्य गर्नका गाउँपालिकाले उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः-

क. कार्यालयले योजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची १ बमोजिमको ढाँचामा व्यवस्थित गर्नुपर्नेमा गरेको छैन ।

ख. हेभी मेशीनरी साधनको प्रयोग हुने कार्य उपभोक्ता समिति मार्फत नगराउनु पर्नेमा सो समेत उपभोक्ता समित मार्फत गराएको छ । उपभोक्ता समिति मार्फत हुने सवै निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । यस्ले गर्दा उपभोक्ता समितिमार्फत सम्पन्न कार्य गुणस्तरीय छ भन्ने यकिन गर्न सकिएन।

ग. योजना कार्यान्वयनको लागि उपभोक्ता समिति र कार्यालयबीच अनुसूची २ बमोजिमको ढाँचामा सम्झौता गरेपनि ढाँचा अनुसारको सम्पूर्ण विवरण उल्लेख नगरी आंशिक र अपूर्ण विवरण भरी सम्झौता गरेको देखियो ।

घ. कुनैपनि उपभोक्ता समितिसँग योजना कार्यान्वयनको लागि कार्यतालिका लिएको छैन ।

ङ. उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नम्बर ९ अनुसार कार्यलयले आयोजना कार्यसम्पन्न अगावै उपभोक्ता समितिका पदाधिकारीहरूलाई अभिमुखीकरण गर्नुपर्नेमा सो समेत गरेको छैन् ।

च. कार्यालयले उपभोक्ता समितिलाई किस्तागत रुपमा भुक्तानी गरेको छैन । सार्वजनिक परीक्षण भनी अनुसूची ३ बमोजिमको ढाँचा आंशिकरुपमा भरी राखेको छ । उपभोक्ता समितिले अनुसूची ४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नुपर्ने ब्यबस्था रहे तापनि वास्तविक रुपमा सार्वजनिक भएको छ भन्ने आधार देखिएन । अनुगमन समितिवाट अनुगमन गरेकोमा अनुगमनबाट देखिएको व्यहोरा प्रतिवेदनमा उल्लेख गरेको छैन ।

छ. उपभोक्ता समितिबाट सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता उपभोक्ता समितिको लगत राखी अन्य उपभोक्ता समिति मार्फत निर्माण गर्ने कार्य भएको छैन ।

ज. उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न कुनै पनि आयोजना उपभोक्तालाई हस्तान्तरण भएको छैन र उपभोक्ता समितिले उक्त आयोजनाको स्वामित्व लिई मर्मत सम्भार गरेको देखिएन ।

झ. उपभोक्ता समितिमा रहेको पदाधिकारी एकाघरका भए नभएको सम्बन्धमा एकिन गर्न कार्यालयले तीन पुस्ते खुलाई विवरण अद्यावधिक गर्नुपर्नेमा गरेको छैन । जसले गर्दा एकाघरका व्यक्ति उपभोक्ता समितिमा भए नभएको एकिन हुनसकेन । रकम प्राप्त गर्नेको डोर हाजिर तथा अन्य खर्चको भरपाई गर्ने एवं ढुवानी गर्ने व्यक्तिको पहिचान खुलेको कागजात स्पष्ट छैन ।

ञ. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भर्पाई र खर्च प्रमाणीत गर्ने अन्य प्रमाण कागजात सर्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउँदा प्राविधिक मूल्याङ्कन र विल भरपाई सँलग्न गरेपनि प्राप्त विलको सामानको परिमाण र मूल्याङ्कनको परिमाण एक आपसमा फरक पर्न गएको छ । लागत अनुमानको तोकिएको परिमाणमा सामान खरिद नहुँदा लागत अनुमानकै आधारमा मूल्याङ्कन गर्दा निर्माण कार्यको गुणस्तरमा कमी आउने हुन्छ ।

तसर्थ कार्यालयले उपभोक्ता समितिलाई प्रशिक्षित समेत गराई यथार्थपरक विल भरपाई पेश गर्न लगाउनु पर्दछ । घटी परिमाणको सामान खरिद गरेको अवस्थामा बढी मूल्याङ्कन गरी भुक्तानी गर्ने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

३३ **गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ को उप नियम (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण खर्चको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउँदा अधिकांशमा गुणस्तर परीक्षण गरेको छैन । निर्माण कार्यको गुणस्तर परीक्षण नगर्दा निर्माण सामाग्री र सम्पन्न कार्य गुणस्तरयुक्त छ भनी आश्वस्त हुन सक्ने अवस्था छैन । नियममा तोकिए अनुसार सबै निर्माण कार्यको गुणस्तर परीक्षण गर्नुपर्दछ ।

३४ **हेभी इक्विपमेण्टको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावली,को प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । गाउँपालिका अन्तर्गत सञ्चालित कतिपय सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी

मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावली,को व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको सहमति लिएको पाइएन । यसवाट निर्माण कार्य उपभोक्ता समितिले जिम्मा लिई उक्त कार्य निर्माण व्यवसायी मार्फत गराउने गरेको स्रेस्तासाथ संलग्न विलवाट देखिन्छ । यस्ता कार्यमा नियन्त्रण हुनुपर्दछ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छनः

| गो भौ नं र मिति | योजनाको नाम | प्रयोग भएको मेशिनरी औजार | भुक्तानी रकम |
|---|---|---|---|
| ४।६।२८ | वडा नं १,२,७ र ६ को वाँडेगाउ गौती लाङ्ना भिरमुनी रिलु ढुङ्ग्री सडक सफाइ | एक्साभेटर | ७२३००८ |
| ५।६।२८ | वडा नं १ र २ मा पर्ने धानघाट नुलि धनातोली सडक र डुङ्ग्रीगाड लाम्पाटा सडक सफाइ | एक्साभेटर | ९३०३५६ |
| ६।६।३१ | वडा नं ५,६ र ७ भिमढुङ्गा मालिका भरिकोट घता सेरापाइल तलचौर सडक सफाइ | एक्साभेटर | १४९४५९० |
| ७।६।३१ | वडा नं २ तीनगाउ खोला धानघाट धुरिल्ला सडक सफाइ | एक्साभेटर | २४५९५२ |
| ९।७।१ | वडा नं १,२ र ३ डुङ्ग्रीगाउ भुस्या लेकी तीनगाउ सडक सफाइ | एक्साभेटर | १०७८४६९ |
| १७।८।२१ | वडा नं १,२,३ र ४ का विभिन्न सडक सफाइ | एक्साभेटर | २८१९२४० |
| १२।८।२९ प्रकोप | वडा नं १,२,६ र ७ डुङ्ग्री देखि भिर मुनी सडक सफाइ | एक्साभेटर | १५६६६५४ |
| ४२।१०।३ प्रकोप | वडा नं ५भिभढुङ्गा देखि थला सम्म सडक सफाइ | एक्साभेटर | १३४३८१६ |
| ७७।११।२ | वाडा नं ३ गाउपालिका देखि गैरीगाउ सडक | एक्साभेटर | ११०१९०२ |
| १३४।१।१२ | वडा कार्यलय फिल्ड निर्माण | एक्साभेटर | ५४०४८१ |
| १४७।१।१४ | वडा नं ३ सेरा गदाडा सडक | एक्साभेटर | १६१७६०० |
| १८२।२।२६ | वडा नं ४ गाउँपालिका देखि आग्रा सडक निर्माण | एक्साभेटर | १८०६६१२ |
| २विविध१९५।३।९ | धामी देखि रिलु सडक मर्मत | एक्साभेटर | २३०४००० |

३५ **लागत अनुमान भन्दा फरक सामाग्रि प्रयोग-** सर्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र प्रचलित जिल्ला दररेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ ।गाउपालिकाले देहायको निर्माण गर्दा ओ पि सी सिमेन्ट प्रयोग गर्ने गरी लागत अनुमान तयार गरेको र सोही आधारमा मूल्याङ्कन गरी

भुक्तानी गरेकोमा उपभोक्ता समितिले पेश गरेको विल भर्पाइ परीक्षण गर्दा बोरा पि पि सी सिमेन्ट प्रयोग गरेको पाइयो ।ओ पि सी सिमेन्ट भन्दा पि पि सी सिमेन्टको जिल्ला दररेटमा प्रतिवोरा रु १०० कम रहेकोले कम दररेटको सिमेन्ट प्रयोग गरी बढी दररेटवाट भुक्तानी भएको रकम असुल हुनुपर्ने रु

| गो भौ नं र मिति | योजनको नाम | प्रयोग भएको परिमाण | बढी भुक्तानी रकम |
|---|---|---|---|
| संघीय सशर्त पूजिगत | | | |
| ७५।३।१ | हिमालयन आ वि भवन निर्माण | २०० वोरा | २०००० |
| ८०।३।१७ | डाँडावाघ प्रा वि भवन निर्माण | १३७ वोरा | १३७०० |
| ८२।३।१८ | रिलुचौर मा वि भवन निर्माण | ४३४ वोरा | ४३४०० |
| १०१।३।२२ | कृषि उपज संकलन केन्द्र वडा नं ६ | १३७ वोरा | १३७०० |
| १०२।३।२२ | कृषि उपज संकलन केन्द्र वडा नं ६ | १२० बोरा | १२००० |
| प्रदेश पूजिगत | | | |
| १७।११।१२ | मुसेल ठगुन्ना चनैगा खानेपानी वडा नं ७ | ११० वोरा | ११००० |
| गाउपालिका पूजिगत | | | |
| ४५।१०।६ | वडा नं २ तीन गाउँ वाटो बस्ती सुधार | ११६ वोरा | ११६०० |
| ४७।२।१० | वडा नं ३ मालिका विद्यालय भवन निर्माण | १०६ वोरा | १०६०० |
| ५४।१०।१३ | गाउँपालिका भवन मर्मत | १४५ वोरा | १४५०० |
| ७०।११।१२ | वडा नं १ डुम्रीकोट वस्ती सडक सुधार | ८३ वोरा | ८३०० |
| ८२।११।२८ | वडा नं १ रुपदेउली ढल निकास तथा वस्तीसुधार | ७४ वोरा | ७४०० |
| ८९।११।२९ | वडा नं २ वैतडी सिंचाइ योजना | ६५ वोरा | ६५०० |
| १००।१२।६ | वडा नं ४ भातखोला टोल सुधार | १६० वोरा | १६००० |
| ११०।१२।१० | वडा नं ७ मल्ला ठगुन्ना निकास उ स | ९८ वोरा | ९८०० |
| १२९।१।१० | वडा नं ६ गाउवस्ती सुधार कार्यक्रम | २३७ वोरा | २३७०० |

| | | | |
|---|---|---|---|
| १४३।१।२२ | वडा नं ४ वास्तोली बस्ती सुधार | ६० वोरा | ६००० |
| १५८।२।२० | गाउपालिका सभाहल निर्माण | १०० वोरा | १०००० |
| १७८।२।२३ | वडा नं १ समदेव सिंचाइ कुलो निर्माण | ६५ वोरा | ६५०० |
| १८६।२।२८ | भण्डारी गाउ वस्तीमा खानेपानी निर्माण | ७४ वोरा | ७४०० |
| २०७।३।१८ | दोगाडे सिंचाइ कुलो निर्माण | ७० वोरा | ७००० |
| २१०।३।१९ | मष्टा आ वि तुति भवन निर्माण | ८५ वोरा | ८५०० |
| २११।३।१९ | कालिका आ वि भवन निर्माण | १४२ वोरा | १४२०० |
| २१३।३।२० | वडा नं ३ विकास तथा विवेक उधोग भवन निर्माण | ५८ वोरा | ५८०० |
| २२३।३।२३ | वडा नं ४ कृषि संकलन केन्द्र भवन निर्माण | ७१ वोरा | ७१०० |
| २२९।३।२४ | वडा नं २ कृषि संकलन केन्द्र भवन निर्माण | १३० वोरा | १३००० |
| २३५।३।२४ | मष्टा सभाहल निर्माण | ५२ वोरा | ५२०० |
| १९५।३।९ विविध समेत | धामी देखि रिलु गाउ मर्मत | ८४ वोरा | ८४०० |
| १७।११।१२ विविध | वडा नं ७ मुसेल ठगुन्ना चनौगा सडक योजना | ११० वोरा | ११००० |
| ३४।३।२१ प्रदेश चालु | गाउपालिका सभाहल निर्माइ | १२० वोरा | १२००० |
| | जम्मा | | ३४४३०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,४४,३०० |

३६ **कन्टेन्जेन्सी खर्च** - सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढांचा अनुसूची- १ मा व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्कचार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी वापत थप गर्ने व्यवस्था रहेको छ । नगरपालिकाले यो वर्ष विभिन्न योजनाको कन्टेन्जेन्सी खर्च गरेकोमा सो को लगत राखेको छैन । लगत नराखेको कारण नियमावली,ले तोकेको सिमा भित्र रहि कन्टेन्जेन्सी खर्च गरेको यकिन हुन सकेन । गाउँपालिकाले कन्टेन्जेन्सी खर्च गर्दा सूचना प्रकाशन, मसलन्द खरिद, दैनिक भ्रमण भत्ता, ईन्धन खर्च, टेण्डर मूल्याङ्कन भत्ता, सवारी साधन मर्मत लगायतमा खर्च गरेको छ । यस प्रकारको प्रशासनिक खर्च गर्दा सार्वजनिक खरिद नियमावली,को प्रकृया पुरा गरी खरिद

योजनामा समवेश गरी गर्ने गरेको छैन । कन्टेन्जेन्सी खर्चको अभिलेख राखि खरिद योजनामा समावेश गरी खर्च गर्नु पर्दछ ।

३७ **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले भौ नं २३५ मिति २०७९।३।२४ वाट मष्टा सभाहल निर्माण गरेवापत उपभोक्ता समितिलाइ रकम भुक्तानी गर्दा प्राविधिक मूल्याङ्कन तथा नापी किताबमा उल्लेख भएको देहाय बमोजिमको भुक्तानी गरेको छ । लेखापरीक्षणको क्रममा स्थलगत निरीक्षण गर्दा देहायका निर्माण कार्य नभई भुक्तानी काम विना बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु

| कामको विवरण | परिमाण | दर | भुक्तानी रकम |
|---|---|---|---|
| पनिङको काम | ९८.७७ बमी | ३४१.१७ | ३३६९७ |
| झ्याल ढोकाको पल्लाको काम | १८ बमी | ८८३७.२९ | १५९०७१ |
| रंग रोगन | २४७.७७ बमी | ४०९.२४ | १०१३९८ |
| चौकोश तथा पल्लाको रंग | ५१.६६ बमी | २३८.१९ | १२३०४ |
| जम्मा | | | ३०६४७० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,०६,४७० |

३८ **मुल्य अभिवृद्धि कर** - मूल्य अभिवृद्धिकर नियमावली, २०५२ को नियम ६ग. मा सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा बापतको रकम सम्बन्धित निर्माण व्यवसायी वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने मूल्य अभिवृद्धि कर रकमको तिस प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रकम मात्र भुक्तानी दिनुपर्ने, यसरी राजस्व रकम जम्मा गरेको जानकारी भुक्तानी गर्ने कार्यालयले सम्बन्धित निर्माण व्यवसायी वा आपूर्तिकर्तालाई दिनुपर्ने र जम्मा भएको कर रकम सम्बन्धित निर्माण व्यवसायी वा आपूर्तिकर्ताले बुझाउनुपर्ने करमा मिलान गर्न पाउने व्यवस्था छ ।गाउँपालिकाले देहायको निर्माण कार्य गाराउदा निर्माण व्यवसायीलाइ भुक्तानी भएको मूल्य अभिवृद्धि कर रकमको ३० प्रतिशतले हुने रकम कट्टा गरी राजस्व दाखिला गर्नुपर्नेमा निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा दाखिला गरेको देखिएन । अतः नियमावली,को व्यवस्था अनुसार तिस प्रतिशतले हुने रकम राजस्व दाखिला नगरेकोले भुक्तानी भएको मूल्य अभिवृद्धि कर बापतको रकम समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

| गो भौ नं र मिति | निर्माण व्यवसायीको नाम | भुक्तानी रकम | मूल्य अभिवृद्धि कर रकम | ३० प्रतिशत कट्टा गर्नु पर्ने रकम |
|---|---|---|---|---|
| १०५।३।२३ | मष्टा देव दर्शन प्रा लि | ८९९५२४६ | १०३४८५१ | ३१०४५५ |

| | | | | |
|---|---|---|---|---|
| १२०।३।२४ | सहस्रलिङ्ग निर्माण सेवा | ९४१८३८ | १०८३५३ | ३२५०५ |
| १२१।३।२४ | भगवती निर्माण सेवा | ९००००० | १०५३५९ | ३१०६१ |
| | जम्मा | | १२४८५५३ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,४८,५६३ |

३९ **सामुदायिक भवन मन्दिर तथा कम्पाउण्डवाल निर्माण -** स्थानीय सरकार सञ्चालन ऐन,को दफा २७ बमोजिम गाउँपालिकाले नक्सापास गरेर मात्र संरचना निर्माण गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले जग्गा सार्वजनिक रहेको प्रमाण संलग्न नहुदै र नक्सापास वेगरनै सर्वजनिक संरचना निर्माण कार्य गर्ने गरेको छ । निर्माण गर्ने संरचनाको ड्रईङ डिजाइन स्वीकृत नगरी प्राप्त बजेटको आधारमा लागत अनुमान तयार गर्ने र त्यसैलाई सम्पन्न देखाई भुक्तानी गर्ने गरेको छ यसले गर्दा आंशिक मात्र निर्माण गर्दा पछि वेवारिसे हुन सक्ने एवं आंशिक रुपमा निर्माण हुने संरचनामा क्षति पुग्न जाने अवस्थालाई ख्याल गरेको पाइएन । भवन निर्माण जस्तो जटिल र अनुगमन गरिरहनु पर्ने एवं प्राविधिक प्रकृतिको निर्माण कार्यमा समेत उपभोक्ता समिति गठन गरी उपभोक्ता मार्फत कार्य गराएको कारण सामुदायिक भवन मन्दिर, तथा अन्य सार्वजनिक प्रकृतिको भवन एवं कम्पाउण्डवाल निर्माण गुणस्तर छन् र प्रकृयामा पारदर्शिता छ भन्न सकिने आधार देखिएन । तसर्थ सार्वजनिक संरचना निर्माण गर्दा सार्वजनिक स्थान, नक्सा ड्रइङ्ग, डिजाइन र नक्सा पास गरी पूर्ण संरचना निर्माण हुने सुनिश्चीतता गरि एकिकृत लागत अनुमान, नापी किताव, कार्यसम्पन्न अवस्था र सार्वजनिक प्रयोगको सुनिश्चीतता गरी निर्माण गर्ने पर्याप्त अनुगमन र सम्वन्धित क्षेत्रकै उपभोक्ताको अर्थपूर्ण संलग्नता हुने तर्फ ध्यान दिनुपर्ने देखिन्छ गत विगत वर्ष निर्माण कार्य भई यो वर्ष समेत बजेट विनियोजन भएका योजनामा विगतमा के कती निर्माण कार्य सम्पन्न भएको हो सोको नापी किताव तथा कार्य मूल्याङ्कन संलग्न नहुदा यो वर्ष दोहोरो भुक्तानी भएको छैन भनी लेखापरीक्षण वाट यकिन गर्न सकिने अवस्था देखिएन तसर्थ अधुरा योजनामा थप संरचना निर्माण गर्दा अनिवार्य रुपमा विगतको नापी किताव र प्रविधिक मूल्याङ्कन समावेश हुनुपर्दछ । निर्माण गरीने भवनको नक्सा पास नगरी जग्गाको स्वामित्व यकिन नगरी गाउँपालिकाले अधुरो सामुदायिक भवन निर्माण गरी भुक्तानी गरेका केही उदाहरण निम्मानुसार छन्।

| **गो भौ नं र मिति** | **विवरण** | **निर्माण कार्य गर्ने** | **रकम** |
|---|---|---|---|
| ७३।११।२३ | सामुदायिक भवन निर्माण वडा नं १ | उपभोक्ता समिति | २८७३७४ |
| २२३।३।२३ | कृषि उपज संकलन केन्द्र वडा नं ४ | उपभोक्ता समिति | १५१४७२४ |
| २२८।३।२४ | कृषि उपज संकलन केन्द्र वडा नं १ | उपभोक्ता समिति | १५२७५४७ |
| २२९।३।२४ | कृषि उपज संकलन केन्द्र वडा नं २ | उपभोक्ता समिति | १५६५००० |
| १०१।३।२२ | कृषि उपज संकलन केन्द्र वडा नं ६ | उपभोक्ता समिति | १६३२००० |
| १०२।३।२३ | कृषि उपज संकलन केन्द्र वडा नं ७ | उपभोक्ता समिति | १७१७६६२ |

४० **इन्टरनेट ब्रोडव्याण्ड सेवा -** स्थानीय तह मार्फत ब्रोडब्याण्ड ईन्टनेटको पहूँच गाउँपालिका भरीका ३० वटा आधारभूत सामूदायिक विद्यालयमा कम्तिमा २० एम वि पि एस क्षमताको नन डेडिकेटेड ब्रोडब्याण्ड इन्टरनेट पुर्याउन नेपाल दूरसञ्चार प्राधिकरणसंग सम्झौता गरी नेपाल दूर सञ्चार प्राधिकरणले प्रति विद्यालय रु ७३९०० को दरले रु गाउँपालिकाको खातामा २२१७००० निकासा गरी गाउपालिकाले ३० आधारभूत सामूदायिक विद्यालयको खातामा निकासा गरेको छ ।लेखापरीक्षणणको क्रममा विद्यालयले इन्टरनेट सेवा जडान गरेको विल भर्पाइ परीक्षण गर्दा साग्रिला इन्फोरमेटिक्स प्रा लि को रु ७३९०० को इन्टरनेट जडानको विल भर्पाइ पेश गरेको देखियो ।यसरी गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयमा एउटै आपूर्तकवाट विना प्रतिस्पर्धात्मक तवरवाट कार्य गराएको देखियो ।यसरी जडान भएको इन्टरनेट सेवाको सञ्चालन भए नभएको गाउँपालिकावाट अनुगमन समेत भएको देखिएन ।

४१ **शसर्त तर्फ कन्टेन्जेन्सी -** शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरवाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० मा कार्यक्रम कार्यान्वयन मार्गदर्शनको दफा १.२(ब)मा सशर्त अनुदान अन्तर्गत वित्तीय हस्तान्तरण भई स्थानीय तहमार्फत विद्यालयलाई उपलव्ध हुने अनुदान रकममा कन्टेन्जेन्सी बापतको रकम कट्टा नगरी तोकीएको रकम सम्वन्धित विद्यालयको खातामा उपलव्ध गराउनु पर्ने व्यवस्था छ । तर गाउँपालिकाले यो वर्ष देहायका विद्यालयलाई भौतिक निर्माण कार्यगर्न निकासा गरेकोमा निकासा गर्दा ४ प्रतिशतले हुने कन्टेन्जेन्सी कट्टा गरी निकासा गरेको छ । निर्देशिका विपरित कन्टेन्जेन्सी कट्टा गरी निकासा गरेको नियमसंगत नदेखिएको रु

| विद्यालयको नाम | स्थानीय तहमा निकासा रकम | कन्टेन्जेन्सी कट्टा | विद्यालयमा कन्टेन्जेन्सी कटाइ निकासा |
|---|---|---|---|
| कुल मष्टाजन मा वि नमूना विद्यालय | १००००००० | ४००००० | ९६००००० |
| डाडावाघ विभालय भवन निर्माण | २७५०००० | ११०००० | २६४०००० |
| रिलुचौर मा वि को भवन निर्माण | ५५००००० | २२०००० | ५२८०००० |
| मालिका आ वि को भवन निर्माण | २७५०००० | ११०००० | २६४०००० |
| हिमालयन नि मा वि भवन निर्माण | २७५०००० | ११०००० | २६४०००० |
| जम्मा | | ९५०००० | |

| | |
|---|---|
| अनियमित भएको | ९,५०,००० |

४२ **नाफामुखी संस्थालाई अनुदान-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा वितरणमुखि खर्चलाइ नियन्त्रण गर्दै संघ र प्रदेश सरकारवाट प्राप्त रकमलाइ स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ ।जसवाट नाफाकमाउने उद्देश्यवाट स्थापित संस्थालाइ अनुदान तथा सहायता उपलव्ध गराउन मिल्दैन ।यदी उपलव्ध गराउने हो भने सार्वजनिक रुपमा निःशुल्क वा न्यून शुल्कमा सेवा उपलव्ध गराउने सुनिश्चित हुनु पर्दछ ।यस स्थानीय तहले अनुदाननै दिनेगरी कार्यक्रम निर्धारण गरी निम्नानुसारका संस्थालाइ विभिन्न कार्यक्रम निर्धारण गरी यो वर्ष रु१३लाख ४८ हजार अनुदान उपलव्ध गराएको छ । तर त्यसवाट उपरोक्तानुसार सेवा प्रवाह हुने सुनिश्चित छैन । यस्तो खर्चमा नियन्त्रण हुनु पर्दछ ।

| गो भौ नं र मिति | अनुदान पाउनेको नाम | रकम |
|---|---|---|
| १३७।१।१२ | जनतासंग उपाध्यक्ष कार्यक्रम अन्तरगत रमेश बहुउद्देश्यीय पशुपन्छी फर्म बाख्रा खरिद | ३००००० |
| १८८।२।३२ | जनतासंग अध्यक्ष कार्यक्रम अन्तरगत समुन्द्र बहुउद्देश्यीय कृषि फर्म बाख्रा खरिद | २००००० |
| १९३।३।४ | जनतासंग अध्यक्ष कार्यक्रम अन्तरगत उर्जनशिल बहुउद्देश्यीय कृषि तथा पशुपन्छी फर्म विउ खरिद | १००००० |
| २०४।३।१७ | जनतासंग अध्यक्ष कार्यक्रम अन्तरगत दलित आरन निर्माण | ९५४६६ |
| २०८।३।१८ | जनतासंग उपाध्यक्ष कार्यक्रम अन्तरगत स्वस्तिका बहुउद्देश्यीय कृषि फर्म बाख्रा खरिद | १००००० |
| २०९।३।१८ | जनतासंग उपाध्यक्ष कार्यक्रम अन्तरगत भूमिका कृषि तथा पशुपन्छी फर्म | १००००० |
| २१३।३।२० | जनतासंग उपाध्यक्ष कार्यक्रम अन्तरगत विकास विवेक फर्निचर तथा कुटानी उधोगलाइ भवन निर्माण | ४५२३७४ |

४३ **प्रधानमन्त्री रोजगार कार्यक्रम-** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत गाउँपालिका अन्तर्गत १८ योजना सञ्चालन गरी यस वर्ष १९० जनालाई रोजगारी उपलव्ध गराई रु ६५२४३३१ ज्याला खर्च गरेको छ ।गाउँपालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

४४ **सामाजिक सुरक्षा** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ लाभग्राही नाम दर्ता र नवीकरण, लगतकट्टा तोकिएको मिति भित्रै परिचय पत्र अनिवार्य रुपमा नवीकरण गरि सामाजिक सुरक्षा वितरण गर्नुपर्ने छ । गाउँपालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत प्रथम, द्वितिय, तृतिय र चौंथो किस्ता गरि जम्मा रु. ७८२१६५०१ निकासा वितरण गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

४४.१ **केवाइसी अपडेट-** सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ । बैंकले पालिकाबाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा

गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अद्यावधिक भइ सक्रिय भए र के कति निश्क्रिय अवस्था छन् सो को विवरण उपलब्ध गराएको देखिएन । जसबाट खर्च रकम सबै लाभग्राही बुझे नबुझेकोमा एकिन हुन सकिदैन । अत बैंकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अद्यावधिक गर्नुपर्दछ ।

४४.२ **लगतकट्टा-** सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ११ बमोजिम लाभग्रहीको मृत्यु भएमा, एकल महिलाले विवाह गरेमा, बालबालिका को उमेर ५ वर्ष पुगेमा, बैंकबाट वितरण भएकोमा लगतार एकवर्ष खाता निष्क्रिय भएमा, समाजिक सुरक्षा भत्ता पाउने व्यक्ति बसाईसरी अन्यत्र गएमा र अयोग्य व्यक्तिको भत्ता प्राप्त गरेको प्रमाणित भएमा, स्थानिय तहको वडा कार्यालयमा ३५ दिनभित्र घटना दर्ता गराएमा वा कुनै लाभग्राही घटना दर्ता नगराएको अवस्थामा स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य, वडा सचिव वा कार्यरत कर्मचारीहरुले घटना भएको जानकारी पाएमा सत्य तथ्य बूझी वडा कार्यालयबाट लगत कट्टा गर्नुपर्ने व्यवस्था छ

४४.३ **अनुगमन तथा निरीक्षण-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा गाउँपालिकाका अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम गाउँपालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुविधा लिने ब्यात्तीले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन ।कार्यविधिले तोके बमोजिम अनुगमन हुनु पर्दछ ।

४४.४ **पारदर्शिता-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ बमोजिम स्थानीय तहले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया सम्बन्धी स्थानीय सामाजिक संघसंस्था तथा गैर सरकारी संस्थाको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र सो सम्बन्धी सूचना स्थानीय एफ.एम लगायत संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामावली स्थानीयतहले आफ्नो वेभसाईटमा राख्ने व्यवस्था रहेको छ । यसवर्ष गाउँपालिकाले सो बमोजिम कार्य गरेको देखिएन ।

## अनुसूचीहरू

अनुसूची - १

### आर्थिक कारोबारको स्थिति

आर्थिक वर्षः २०७९।८०

कार्यालय र स्थान : मष्टा गाउँपालिका, बझाङ ।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Ammar Bahadur Jethara | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Gagan Bahadur Gurdhami | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ९७६,६७० | १,८०९,३०० | ४,०४५,९४३ | ० | ० | ० |
| प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु. | | | | | ६,८३१,९१३ |
| प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु. | | | | | ० |
| संपरीक्षणबाट थप भएको बेरुजू रु. | | | | | ० |
| लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु. | | | | | ६,८३१,९१३ |

स्थानीय तह : मष्टा गाउँपालिका, बझाङ ।

| गत वर्षको जिम्मेवारी | | १३१०४२१७ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३४९३७२९३४ | चालु खर्च | ३७६०६७८८८ |
| प्रदेश सरकारबाट अनुदान | ३३०७७००० | पूँजीगत खर्च | १५०५१९३३७ |
| राजश्व बाँडफाँट | ६४७९५८८८ | वित्तीय/अन्य व्यवस्था | १७७५९४६२ |
| आन्तरिक आय | १५२८०००.० | | |
| अन्य आय | ८९४३८४१७ | | |
| कुल आय | ५३८२१२२३९ | कुल खर्च | ५४४३४६६८७ |
| बाँकी मौज्दात | | ६९६९७६९.० | |